

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३१४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर २७ गते मंगलबार ❑ 13 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## प्रत्यक्षमा भन्दा समानुपातिकमा बढी मत बदर

**रासस**
**काठमाडौं, २६ मंसिर**

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचनमा प्रणालीमा भन्दा समानुपातिक प्रणालीतर्फ बढी मत बदर भएको देखिएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचनमा प्रणालीमा एक करोड १० लाख ४७ हजार ३४ अर्थात् ६१ दशमलव ४१ प्रतिशत मतदान भएकामा पाँच दशमलव शून्य छ प्रतिशत मत बदर भएको निर्वाचन आयोगले जानकारी दिएको छ। निर्वाचन आयोगको सूचना प्रविधि महाशाखाका अनुसार प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड ११ लाख २६ हजार २२६ अर्थात् ६१ दशमलव ३५ प्रतिशत मतदान भएकोमा पाँच दशमलव शून्य नौ प्रतिशत मत बदर भएको छ। प्रदेशसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि एक करोड १० लाख ३४ हजार पाँच सय अर्थात् ६१ दशमलव ३६ प्रतिशत मतदान भएकोमा चार दशमलव शून्य सात प्रतिशत मत बदर भएको छ।

प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड १० लाख २८ हजार ३७६ अर्थात् ६१ दशमलव ३१ प्रतिशत मतदान भएकोमा ६ दशमलव ५५ प्रतिशत मत बदर भएको छ। प्रदेशसभातर्फ प्रत्यक्षमा मनाङको प्रदेशसभा २ मा निर्विरोध भएकाले सो क्षेत्रको मतगणनामा समावेश नगरिएको आयोगले जनाएको छ। आयोगले समानुपातिकतर्फको विजयीहरुको अन्तिम घोषणा मङ्गलबार गर्ने जनाएको छ।

## स्याङ्जाका व्यवसायीले भने-'पौष मसान्तमा बैंकमा आउदैनौं'

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २६ मंसिर**

सोमबारबाट स्याङ्जाका उद्योगी, व्यवसायीहरुले बैंक तथा वित्तिय क्षेत्रले गरेको चर्को व्याजका बिरुद्ध चर्को नारावाजी गर्दै बजार परिक्रमा गरे । सबै उद्योगी व्यवसायी, राजनीतिकदल, नागरिक अगुवा, किसान सबैलाई आब्हान गर्दै भने बैंकको चर्को व्याजका बिरुद्ध एक हुने दिन आए । नेपाल राष्ट्र बैंकले हालै जारी गरेको मौद्रिक नीति प्रति ध्यानाकर्ष गर्दै स्याङ्जाका उद्योगी व्यवसायीहरु सडकमा ओर्लिए। बैंकले त्रैमासिक रुपमा उठाउदै आएको व्याजदर अब पुष मसान्तमा ताकेता गरेर असुली गर्ने समय हो । पौष मसान्तलाइ मध्यनजर गरेर व्यवसायीहरुले पौषमा व्याज तिर्न नआउने चेतावनी दिएका हुन्। नेपाल राष्ट्र बैंकका निर्देशनहरु तथा चालु पूँजी कर्जा मार्गदर्शन २०७९ का प्रावधानप्रति गम्भीर ध्यानाकर्षण गर्दै स्याङ्जा जिल्लाका सम्पूर्ण (५ वटा) उद्योग वाणिज्य संघहरुको संयुक्त साझा धारणा एवम् मागहरु राख्दै उनीहरु सडक आन्दोलनमा ओर्लएका हुन् ।

बैंकबाट कर्जा लिएका व्यवसायीहरुलाई महिनै पिच्छे व्याजदर बढाउन थालेपछि मर्कामा परेको भन्दै स्याङ्जाका व्यवसायीले पहिलो पटक प्रधानमन्त्री, अर्थमन्त्रालय र राष्ट्र बैंकको ध्यानाकर्षण पनि गराएका छन् । स्याङ्जाका उद्योग वाणिज्य संघहरुको अगुवाईमा प्रधानमन्त्री, अर्थमन्त्रालय र राष्ट्र बैंकलाई जिल्ला प्रशासन कार्यालय स्याङ्जाका प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्री र इलाका प्रशासन कार्यालय वालिङका प्रमुख घनश्याम गौतम मार्फत ज्ञापनपत्र बुझाएर आन्दोलन शुरु गरेका छन् । जिल्ला सदरमुकाम पुतलीबजार र वालिङ बजारमा विभिन्न नारा लेखिएका प्लेकार्ड सहित परिक्रमा गरी बैंक तथा वित्तिय संस्थाले गरेको चर्को व्याजदर तुरुन्त घटाउन अनुरोध गरेका छन् । कर्जा लिदा गरेको सम्झौता अनुसारको व्याजदर नलिएर मनपरी ढंगले व्यवसायीको ढाड सेक्नेगरी गरिएको चर्को व्याजदरमा उद्योगी व्यवसायीहरुले बैंक तथा वित्तिय संस्थाहरु बिरुद्ध आन्दोलन गरेका हुन् । उनीहरुले पौष मसान्तमा आउदैनौं, चर्को व्याज तिदैनौं भन्दै बिरोध र्‍याली समेत निकालेका छन् ।सरकार र राष्ट्र बैंक यसतर्फ मुकदर्शक बनेको आरोप लगाउदै उद्योगी व्यवसायीहरुले शान्तिपुर्ण आन्दोलन मार्फत सुनुवाई नभए थप आन्दोलनमा कार्यक्रम तयगर्ने चेतावनी समेत दिएका छन् । बैंक तथा वित्तिय कारोवार गर्ने संस्थाले असाधरणरुपले बढाएको व्याजदर घटाउने माग सहित यो आन्दोलन शुरु गरिएको वालिङ उद्योग वाणिज्य संघका निर्वातमान अध्यक्ष पुण्यप्रसाद अर्यालले बताए। कर्जा लिएपछि व्याज तिर्नुहुदैन भन्ने हाम्रो धारणा होइन भन्दै अर्यालले समयानुकुल व्याजदर निर्धारण गर्नुपर्नेमा सम्झौता भन्दा बढी व्याज लिन पाईदैन भन्ने हाम्रो माग राखेको अर्यालले बताए।



लामो समय रोगको संक्रमण अनि लकडाउनले धरासायी बनेको व्यवसायलाई प्रवद्धर्न गर्न बैंकहरुको पनि उत्तिकै उत्तरदायीत्व रहनुपर्नेमा झन चर्को व्याज बनाएर असुल्ने काम तर्फ उन्मुख हुदा व्यवसायीहरु रुष्ट बनेका हुन् । बैंकहरु गम्भिर नभएर नाफा कमाउने होडबाजीमा लागेको भन्दै यसलाई तुरुन्त बन्द हुनुपर्ने सुझाव स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष महेन्द्र श्रेष्ठ दिए। देशकै अर्थतन्त्र डामाडोल अवस्थामा छ उनले भने,'यस्तो अवस्थामा व्यवसायीलाई डर, त्रास र धम्की दिएर असुल्ने तिर लाग्न भन्दा निदान तिर लाग्नु आवश्यक छ।' यसले न बैंकको भलो गर्छ न मुलुकको अर्थतन्त्रलाई सुधारमा ल्याउछ उनले भने।

नेपालको अर्थतन्त्र धान्ने नीजि क्षेत्र सडक आन्दोलन गर्न बाध्य नेपालका बैंकहरु र सरकारको उदासिनताले बनाएको छ। व्यवसायमा असर पर्दा सिङ्गो मुलुकको अर्थतन्त्रमा असर पर्छ भन्ने जान्दा जान्दै सरकार र राष्ट्र बैंकले कुनै ठोस आउला भन्नुको साटो राष्ट्र बैंकले ल्याएको पुँजीकर्जा मार्गदर्शनले ठुलो संकट निम्ताउने प्रति ध्यानाकर्षण गरेको नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य शोभाकान्त पौडेलले बताए । उत्पादन हुने उद्योग धन्दाहरु बन्द अवस्था रहेको र राजनीतिकदलहरु आ-आफ्नै भागबण्डामा रुमलिदा ब्यावसायीहरु आन्दोलन गर्न बाध्य भएको पौडेलको भनाई छ । हामीलाई सडकमा आउन बाध्य नपारियोस केन्द्रीय सदस्य पौडेलले भने,'तिन खम्बे अर्थनीति अनुसार मुलुकको अर्थतन्त्रको एक हिस्सेदार नीजि क्षेत्रलाई जिस्काउने काम नहोस ।' शान्पिुर्णरुपमा उद्योगी व्यवसायीलाई परेको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन अध्यादेश

**रासस**
**काठमाडौं, २६ मंसिर**

नेपाल सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न 'मुलुकी फौजदारी कार्यविधि संहिता(पहिलो संशोधन) अध्यादेश, २०७९' जारी गर्न सिफारिस गरेको छ।

मन्त्रिपरिषद्को आइतबारको बैठकले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम निर्णय गरी अध्यादेश जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने निणर्य गरेको सरकारले जनाएको छ । अध्यादेशमा संहिताको २०७४ को ११६ को उपदफा (८) पछि (९) थपिएको छ।

अध्यादेशको उक्त बुँदामा कुनै पनि राजनीतिक दल वा समूहले मुलुकको विद्यमान राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेकामा त्यस्तो राजनीतिक दल वा समूह शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन नेपालको संविधान र प्रचलित कानूनको अधीनमा रही शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिबद्धता जनाई सरकारसँग सहमति गरेको भए त्यो राजनीतिक दल वा समूहका नेता कार्यकताविरुद्ध नेपाल सरकार बादी भई चलाइएका मुद्दा फिर्ता लिने उल्लेख छ।

त्यस्ता मुद्दा फिर्ता लिन जुनसुकै अदालतमा विचाराधीन रहेको भए पनि बाधा नपर्ने थपिएको बुँदामा उल्लेख छ। सरकारले यसअघि नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी, जनमत पार्टी र थरुहटसँग सहमति गरेको थियो।

## यस वर्षको भूपि काब्य पुरस्कार उषा शेरचनलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ मंसिर**

यस वर्षको भूपि काब्य पुरस्कार साहित्यकार उषा शेरचनलाई प्रदान गरिने भएको छ।

कवि भुपि शेरचनको स्मृतिमा उनका परिवारबाट स्थापित थकालि सेवा समिति पोखराद्धारा प्रदान गर्ने यसवर्षको भूपि काव्य पुरस्कार काठमाडौंकी उषा शेरचनलाई दिने निर्णय भएको हो । पुरस्कार छनोट समितिको सोमबार बसेको बैठकले यसवर्षको पुरस्कार शेरचनलाई प्रदान गर्ने निर्णय गरेको समितिका संयोजक अशोक कुमार भट्टचनले जानकारी दिए। पौष १० गते ८९ औं भूपि जयन्तीको अवसरमा पोखरामा कार्यक्रमको आयोजना गरि साहित्यकार शेरचनलाई उक्त पुरस्कार प्रदान गरिने उनले बताए । नेपाली साहित्य क्षेत्रमा योगदान दिने स्रष्टालाई प्रदान गरिने उक्त पुरस्कारको राशी ५० हजार दोसल्ला र सम्मानपत्र रहेको छ । पुरस्कार छनोट समितिमा साहित्यकार सरुभक्त श्रेष्ठ, पोखरा प्रज्ञा प्रतिष्ठान कुलपति पदमराज ढकाल, थकालि सेवा समितिका अध्यक्ष इन्जिनियर रुजिन्द्र तुलाचन र कार्यसमिति सदस्य ज्योति शेरचन रहेका छन् । हरेक दुई दुई वर्षमा दिइँदै आएको यो पुरस्कारबाट यसअघि साहित्यकार सरस्वती प्रतीक्षा, मोमिला, रत्न शमशेर थापा, र तिर्थ श्रेष्ठ पुरस्कृत भइसकेका छन्।

विक्रम सम्वत् १९९२ साल पौष १० गते मुस्ताङमा जन्मिएका भूपी लेखनको आरम्भिक चरणमा सर्वहाराका लागि कविता लेख्दै पछि समसामयिक विषयमा सरस र व्यङ्ग्यात्मक कविता लेख्दै सशक्त कविका रुपमा स्थापित भएका थिए । उनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितासंग्रह (२०२५) लाई नेपाली कवितामा विशिष्ट मानिन्छ।

भूपीले सो कृतिबाट २०२६ सालको साझा पुरस्कार समेत पाएका थिए। नारायण गोपालको स्वर र भुपिको शब्द रहेको अल्भे छ क्यारे पछ्यौरी गीत निक्कै चिर्चित छ । परिर्वतन नाटक (२०१०), नयाँ झयाउरे कविता (२०१०) र निर्झर कविता (२०१५) उनका प्रकाशित कृतिहरु हुन् । पुरस्कृत हुने उषाको नजन्मेका आस्थाहरु कविता संग्रह (२०४८), अक्षर हरुका शिविरबाट मुक्तक संग्रह (२०५६), सर्वकालीन पीडा र जागृतिका शंखघोष कविता संग्रह २०६३, तेस्रो रङ्ग कथा संग्रह (२०७०), आँधी उपन्यास (२०७६) लगायत दर्जन बढि कृतिहरु प्रकाशित छन् । उनि यसअघि व्यथित काब्य पुरस्कार २०४३, व्यथित काब्य वनिता पुरस्कार (२०६९), योगेश्वर कलासहित्य पुरस्कार (२०७०), नातिकाजी संगीत पुरस्कार (२०७२), बासु शशी स्मृति वानीरा पुरस्कार (२०७८), पारिजात राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७) बाट पुरस्कृत भईसकेकी छिन भने रत्नश्री सुवर्ण पदक २०४०, कविता महोत्सव पदक (२०४५), वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८), विश्वनारी नेपाली साहित्य पदक (२०७१) , भानुभक्त स्वर्ण पदक (२०७१) र सत्यमोहन जोशी शताब्दी पदक (२०७३) पाइसकेकी छिन्।

**जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं ।**

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुन:प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

*शहर तथा गाउँ स्वच्छ र सफा राखौं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**पोखरा उद्योग वाणिज्य संघ**
**पोखरा-४, गैह्रापाटन**

**हार्दिक आभार**

पोखरा उद्योग वाणिज्य संघ, नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेश र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा २०७९ साल मंसिर १६ गतेदेखि २५ गतेसम्म पोखरा प्रदर्शनी केन्द्र, नयाँबजार, पोखरामा आयोजना भएको '**समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७९ पोखरा**' सफलताका साथ सम्पन्न भएकोमा हामी गौरवान्वित भएका छौं ।

यो सफलतालाई हामीले सामूहिक प्रयासको प्रतिफलको रुपमा ग्रहण गरेका छौं । हामी यसको श्रेय सम्पूर्ण पोखरेली महानुभावहरुलाई नै प्रदान गर्न चाहन्छौं ।

यस सुखद क्षणमा हामी मेलालाई सफलतापूर्वक सम्पन्न गर्न/गराउन सहयोग पुऱ्याउनुहुने मुख्य प्रायोजक, मुख्य सहप्रायोजक, सहप्रायोजक, प्रायोजकहरु,प्रवर्द्धकहरु, सरकारी तथा गैरसरकारी संस्थाहरु, स्टलसहित सहभागी हुनुभएका सम्पूर्ण प्रदर्शक, मेलाका अवलोकनकर्ता,राजनीतिक दलहरु, प्रशासनिक तथा सुरक्षा निकाय, बस्तुगत संघ/संस्था एवं व्यावसायिक प्रतिष्ठान, समाजसेवी, बुद्धिजीवी, पत्रकार, विद्यार्थी, नागरिक समाज,प्रभातफेरीमा सहभागी आमा समूह तथा टोल विकास संस्थाहरु, राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान तथा कलाकारहरु, रत्यौली तथा डान्स आइडलका प्रतिस्पर्धीहरु, नेपाल स्काउट,मेला सफल बनाउन प्रत्यक्ष र अप्रत्यक्षरुपले सहयोग पुऱ्याउनुहुने सम्पूर्ण शुभेच्छुक तथा सहयोगी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै निरन्तर सहयोग र सुझावको अपेक्षा राख्दछौं । धन्यवाद ।

**पवनकुमार प्रजापति**
**अध्यक्ष**
**पोखरा उद्योग वाणिज्य संघ**

**मिति २०७९ मंसिर २५ गते**

**मेलाको प्रवेश टिकटमा अन्नपूर्ण केबलकारको टिकट प्राप्त नम्बरहरू :**
१२११०, १२६१५, १२९६३, १२१४५, १२९५४, १२८५८, १२१२५, १२४००, १२९१९, १२३६५, १२६४५, १२९७९, १२६००, १२१६८, १२९८९, १२१३७, १२६११, १२६२५, १३११७, १२४६५, १७५२५, १४७२१, १४७८८, १३५५५, १५६७१, १७३११, १६२३४, १७३४६, १५५७७, १६७६१

**बाल्ट्राको कुकर पाउने नम्बर** : १२०८९, १२९१०

**बम्पर उपहार फ्यासिनो स्कुटर १६८८९**

नोट : पुरस्कार विजेताले टिकटको अर्धकट्टी सहित पोखरा उद्योग वाणिज्य संघमा आफ्नो परिचय खुल्ने कार्ड लिएर आउनुहोला ।

# शिक्षा क्षेत्रको रणनीतिक योजनाको मस्यौदा पेश

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ मंसिर**

शिक्षा नितिलाइ लागु गर्न कार्यनीति र रणनीति निर्माणका लागि गठन गरिएको रणनीतिक योजनाको मस्यौदा सोमबार पेश गरिएको छ।



शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयमा भएको एक कार्यक्रममा मन्त्रालयका मन्त्री मेखलाल श्रेष्ठलाई योजना तयारी कार्यदलका संयोजक तथा पूर्व महानिर्देशक (सह-सचिव) बाबुराम पौडेलले हस्तान्तरण गरेका हुन । उनले कार्यक्रममा बोल्दै संयोजक पौडेलले आफूले महत्वपूर्ण शिक्षा रणनीतिक योजनाको काम गर्न पाउँदा खुसी व्यक्त गरेका थिए । "यो काम असाध्यै ठूलो र महत्वपूर्ण रहेको छ। हामीलाई शाखा महाशाखाबाट प्राप्त भएको सहयोगले असाध्यै सन्तुष्टी मिलेको र काम गर्दै जाँदा मन्त्रालयले उच्च सम्मान गरेको आफूलाई अनुभुति भएको छ ।" उनले भने, रणनीति तयार भएको नीति कार्यदलबाट पास हुने विश्वस्त रहेको र सहयोगी सबैलाई धन्यवाद व्यक्त गरेका थिए।

शिक्षा क्षेत्रको रणनीतिक योजनाको मस्यौदा लिँदै मन्त्री मेखलाल श्रेष्ठले अति न्युन स्तरबाट केलाएर रणनीति योजना तयार गरेको हुँदा अबको शिक्षा क्षेत्रले नयाँ फड्को मार्ने विश्वस्त रहेको बताउँदै कार्यदलले जिम्मेवारी पूर्वक काम गरेको र भावी दिनमा पनि निरन्तर लाग्न आग्रह गर्दै योजनाको मस्यौदालाई सम्बन्धित निकायबाट कार्यन्ययवयन गराएर छाड्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

मन्त्रालयले ०७८ फाल्गुन १८ गतेको निर्णयअनुसार शिक्षा नीति कार्यन्यवयनका लागि शिक्षा क्षेत्रको रणनीतिक योजना तयारको लागि बाबुराम पौडेलको संयोजकत्वमा ४ सदस्यीय कार्यदल गठन गरेको थियो। उक्त कार्यदलको सदस्यमा प्रा.डा ईन्द्र प्रसाद तिवारी, भिमाद नगरपालिकाका उपसचिव पदमराज आचार्य, पूर्व उपसचिव केशरी रकम न्यौपाने र शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सदस्य सचिव तोयनाथ लम्साल रहेका थिए।

उक्त प्रतिवेदनको तयारीमा मुख्यमन्त्रीको उपस्थितिमा छलफल भई प्राप्त सुझावहरुलाई समेटी रणनीति तय गरिएको सदस्य सचिव लम्साललले जानकारी गराएका थिए।

उनले कार्यक्रममा बोल्दै शिक्षा क्षेत्रलाईको रणनीति तयार गर्नको लागि शिक्षा क्षेत्रमा विशेष योगदान पुऱ्याएर अवकाश भएका, गण्डकी प्रदेश भित्रका सरोकारवालाहरु, शिक्षा नीतिमा काम गरि अवकास भएका सहसचिव तथा शिक्षा क्षेत्रमा काम गरेका शिक्षकलगायतको बृहत आम भेलाबाट आएका सुझावहरुलाई संकलन गरि मस्यौदा तयार गरेको बताए । सदस्य सचिव लम्साललले उक्त प्रतिवेदनमा दिगो विकास लक्ष्य एवम् राष्ट्रिय शिक्षा नीति-२०७६, चालु शिक्षा योजना सहितका कार्यक्रमहरु समावेश गरि काम गरेको हुँदा यसले भावी दिनमा महत्वपूर्ण प्रभाव पार्ने जानकारी गरएका थिए।



अंग्रेजी नयाँ वर्षका अवसर पारेर आगामी पुस १७ गतेदेखि सञ्चालनमा ल्याउन लागिएको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भएका एटिसी टावरलगायत हवाई पूर्वाधारहरु। तस्बिर : कृष्ण दवाडी/रासस

# सरकारल मुलुकी फौजदारी कार्यविधि संहिता जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने

**रासस**
**काठमाडौं, २६ मंसिर**

सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश, २०७९ जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने भएको छ।

आइतबार बसेको मन्त्रिपरिषद्ले गरेका निर्णयबारे आज जानकारी दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकलाई आन्तरिक एकताका साथ सबैलाई काम गर्न दिने मनसायका साथ मुलुकको राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलापमा संलग्न राजनीतिक दल वा समूहलाई शान्तिपूर्ण राजनीतिक मूलधारमा ल्याउने उद्देश्यका साथ सो अध्यादेश राष्ट्रपति समक्ष सिफारिस गरिएको जानकारी दिनुभयो। त्यसैगरी सरकारले सार्वजनिक संस्थान सुझाव समितिलाई थप प्रभावकारी र समावेशी बनाउन दुई महिला सदस्य थप गर्ने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नेपाल इञ्जिनियरिङ सेवाको सामूहीकरण (क्लष्टर) तर्फका सचिव सुरेश आचार्यलाई सहरी विकास मन्त्रालयको सचिव पदमा सरुवा गर्ने निर्णयसमेत गरेको छ । "गोदक-सोयक १३२ केभी प्रसारण आयोजनाका लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने र नेपाल राष्ट्रिय भूतपूर्व सैनिक सङ्घलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने सरकारले निर्णय गरेको छ", सरकारका प्रवक्ता कार्कीले भन्नुभयो।

मन्त्रिपरिषद्ले कालीगण्डकी करिडोर (न्यू बुटवल/बर्दघाट) आयोजनाको २२० केभी प्रसारण लाइनका लागि वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने निर्णय गरेको छ । राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव राम आधार शाहलाई नेपाल इञ्जिनियरिङ सेवाको सामूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ठ श्रेणीमा बढुवा गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा पदस्थापन गर्ने मन्त्रिपरिषद्को निर्णय छ।

# नवौं खेलकुदमा पदक ल्याउने खेलाडीलाई पोखरा ९ बाट नगद सहित सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ मंसिर**

पोखरा महानगरपालिका वडा नम्बर ९ को कार्यालयले नवौं खेलकुद प्रतियोगितामा पदक ल्याउने खेलाडीलाई नगद सहित सम्मान गरेको छ।



पोखरा महानगरपालिका ९ मा स्थायी रुपमा बसोबास गरेका तथा पोखरा ९ बाट खेलेका १२ जना खेलाडी, प्रशिक्षक तथा व्यबस्थापकलाई सोमबार एक समारोहका बिच नगद सहित सम्मान गरेको हो । सम्मानित हुने खेलाडीहरुमा ४५ के.जी. तौल समुहको फुल कन्ट्याक कराँते महिला तर्फ स्वर्ण पदक विजेता पुक्ष्पा कुंवर, सोहशी इभेण्टको ५० के.जी. तौल समुह पुरुष तर्फको स्वर्ण पदक विजेता अनिश बुढा मगर, स्क्वास एकल तथा टिम इभेण्टमा स्वर्ण पदक विजेता दीपक थापा, स्क्वासमा स्वर्ण पदक विजेता हिराकाजी श्रेष्ठ र बक्सिङ तर्फ स्वर्ण पदक विजेता दीपक सुनार रहेका छन्। त्यसै गरी स्वर्ण पदक दिलाउन अहोरात्र खटिएकी बक्सिङ प्रशिक्षक प्रियन्का बर्मा सम्मानित भएकी छन् । त्यस्तै फुल कन्ट्याक कराँते खुल्ला तर्फ रजत पदक विजेता रुपक नेपाली, सोही इभेण्टको पुरुष ६५ के.जी. तौल समुहमा रजत पदक विजेता शिव भुजेल, उसु ७० के.जी. तौल समुहमा रजत पदक विजेता अनिश आले मगर, टेबल टेनिस मिक्स डबलमा कास्य पदक विजेता मुना थापा, फुटवल तर्फको कास्य पदक विजेता खेलाडीहरु मानबहादुर तामाङ र बिजय श्रेष्ठ सम्मानित भएका हुन्। टेबुल टेनिस प्रशिक्षक उत्तम जोशी र पोखरा ९ का व्यवस्थापक अमन केसीलाई सम्मान गरिएको थियो । स्वर्ण पदक विजेतालाई नगद १० हजार, रजत पदक विजेतालाई ५ हजार र कास्य पदक विजेतालाई भने ३ हजार साथमा प्रशंसा पत्र प्रदान गरिएको हो।

खेलाडीहरुको हौसला र प्रोत्साहनको लागि पोखरा ९ ले खेलाडी सम्मान गरेको पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले बताए। आफ्नो परिवार खेलकुदसंग आबद्ध भएको हुनाले पनि आफुले खेलाडीहरुको सम्मान गर्ने एउटा सानो अभियान मात्र सुरु गरेको अध्यक्ष मर्सानीले बताए। उनले भने "पोखरा ९ बाट खेल्ने खेलाडीहरुलाई हामीले अब कुनै पनि खेलकुदमा लाग्दा अभाव नहुने गरी कुनै प्रकारको सहयोग गर्न तयार छौं, तपाईहरुले आफ्नो वडा देखि जिल्ला, क्षेत्र हुदै राष्ट्रको नाम उचो हुने गरी खेल्नुहोस तपाईहरुको आवश्यकता हामी पुरा गर्न प्रयत्न गर्ने छौं।"

खेलाडी एवं प्रशिक्षक तथा व्यबस्थापकलाई वडा अध्यक्ष मर्सानीको साथमा वडा सदस्य भावना श्रेष्ठ, गिता ताम्राकार पोखरा ९ का खेल संयोजक राजेन्द्र पहारी, पोखरा ९ का वडा सचिव कुलराज पौडेल लगायतले सम्मान गरेका हुन् । कार्यक्रममा बोल्दै खेलाडी मुना थापा र प्रशिक्षक बर्माले यस्तो कार्यक्रमले आफुहरु निकै हौसला मिलेको बताउदै यस्ता कार्यक्रमलाई निरन्तरता दिन जोड दिए।

# बैँसी झर्न मनाङका विद्यालयमा धमाधम परीक्षा

**रासस**
**मनाङ, २६ मंसिर**

हिमाली जिल्ला मनाङका विद्यालयमा धमाधम परीक्षा सञ्चालन भइरहेको छ । मौसम प्रतिकूल हुँदै गएका अवस्थामा पनि परीक्षा सञ्चालन भइरहेको छ।

जिल्लामा अर्धवार्षिक परीक्षा सञ्चालन भइरहेको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख मतिलाल चपाईंले बताउनुभयो। परीक्षा सकाएर जाडो छल्नका लागि बैँसी झर्न धमाधम परीक्षा भइरहेको उहाँको भनाइ छ । "जाडोमा अभिभावकसँगै विद्यार्थीहरु बैँसी झर्छन्", उहाँले भन्नुभयो, "जाडो सकिएपछि फागुनको अन्तिम वा चैतको पहिलो साता मनाङ फर्किन्छन् ।"

इकाइको तथ्याङ्कका अनुसार कक्षा १ देखि ५ सम्मका मनाङ डिस्याङ गाउँपालिकामा ५४, सदरमुकाम चामे गाउँपालिकामा ५५, नासों गाउँपालिकामा ८४ र नार्पाभूमि गाउँपालिकामा १० विद्यार्थी छन्।

कक्षा ६ देखि १२ सम्मका पढ्ने विद्यार्थीको सङ्ख्या घट्दै गएको प्रमुख चपाईंले जानकारी दिनुभयो । उहाँका अनुसार कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीको सङ्ख्या मनाङ डिस्याङ गाउँपालिकामा कूल ७२ जना छन्। चामे गाउँपालिकामा एक सय ७६, नासों गाउँपालिकामा एक सय ७८ र नार्पाभूमि गाउँपालिकामा शून्य रहेको उहाँले बताउनुभयो।

जिल्लाका चार पालिकाका विभिन्न विद्यालयमा विद्यार्थीविहीन हुँदा खाली भएको उहाँले बताउनुभयो। "विद्यालयको भवन र शिक्षक छ । विद्यार्थी छैन। यस्तो अवस्थामा विद्यालय बन्द छन्", उहाँले भन्नुभयो, "केही विद्यालयमा इसिडीका विद्यार्थीबाहेक अन्य विद्यार्थी छैनन् ।" बाढीपहिराको जोखिम, विद्यालय टाढा हुँदा अभिभावकले बालबालिकालाई जिल्ला बाहिर राखेर पठनपाठन गराउन थालेकाले विद्यार्थीको सङ्ख्या कम भएको उहाँले बताउनुभयो । मनाङमा इसिडीमा एक सय ६६, कक्षा १ देखि ५ सम्म एक सय ४६, कक्षा ६ देखि ८ सम्म एक सय नौ जना विद्यार्थी छन्। साथै कक्षा नौ र १० मा ८३, कक्षा ११ र १२ मा ४१ गरी कूल पाँच सय ४५ विद्यार्थी छन्। मनाङ डिस्याङ गाउँपालिकामा एक सय १७ विद्यार्थीको पठनपाठनका लागि ४१ शिक्षक छन्।

चामे गाउँपालिकामा दुई सय ४५ विद्यार्थीका लागि ३४ शिक्षक, नासों गाउँपालिकामा एक सय ५८ विद्यार्थीका लागि ७७ शिक्षक र नार्पाभूमि गाउँपालिकामा २५ विद्यार्थीका लागि नौ गरी कूल एक सय ६१ शिक्षकले उनीहरुलाई पठनपाठन गराउँदै आएको शिक्षा विकास तथा समन्वय इकाइले जनाएको छ।

## स्याङ्जा...

समस्या राखेका छौ यसको सुनुवाई नभएमा अझै ठुलो आन्दोलन गर्न पछि पर्ने छैनौ उनले भने।

जिल्लामा पहिलो पटक आन्दोलन शुरु गरेका व्यवसायीले ऋण उपभोक्ता समस्या सहजीकरण समिति नै गठन गरेका छन् । यो समिति मार्फत दवावमुलक कार्यक्रम घोषणा गर्नेगरी पहिलो पटक ज्ञापनपत्र बुझाउने काम भएको व्यवसायीले बताएका छन्। व्यवसाय ओरोलो लाग्नु बैंकहरुको चर्को व्याजदर दिनानुदिन बढ्नुले स्याङ्जामा व्यवसाय पलायन मात्रै होइन आत्महत्या गर्ने बाध्यता सम्म हुदै गएको तथ्याङ्क छ। यसलाई रोक्न सम्वन्धित् निकायले छिटो पहलकदमी चाल्नु आवश्यक छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
- पल क्लिथेरोई

## सम्पादकीय

# घट्न सकेन बदर मत

गत मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा ५.०६ प्रतिशत मत बदर भएको छ । निर्वाचन आयोगका अनुसार मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा कुल खसेको मतको ५.०६ प्रतिशत मत बदर भएको छ । प्रदेश सभाको समानुपातिक तर्फको मत सबैभन्दा बढी बदर भएको छ। प्रदेश सभाको समानुपातिकतर्फ औसतभन्दा बढी ६.५५ प्रतिशत मत बदर भएको छ । त्यस्तै सबैभन्दा कम प्रदेश सभाको प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मत बदर भएको आयोगले उल्लेख गरेको छ ।

प्रदेश सभामा प्रत्यक्ष निर्वाचन प्रणाली तर्फको बदर मत प्रतिशत ४.०७ प्रतिशत रहेको छ । त्यस्तै सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा मत बदर भएको छ । निर्वाचन आयोगका उपसचिव कोमल भट्टराईका अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचनतर्फ हेर्दा सुदूरपश्चिम प्रदेशमा ५.७० प्रतिशत मत बदर भएको छ भने सबैभन्दा कम वागमती प्रदेशमा ४.१६ प्रतिशत मत बदर भएको छ । विगतमा भन्दा कम मतदान भएको बेला बदर मत धेरै हुँदा नतिजामा असर परेको छ ।

'मतदानमा विगतको तुलनामा र आयोगले गरेको अपेक्षा भन्दा कम मतदान भएको छ । समग्रमा ६१.४१ प्रतिशत मतदान भएको छ। सबैभन्दा बढी मधेस प्रदेशमा ६५.७७ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ५७.८० प्रतिशत मतदान भयो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको प्रतिनिधि सभातर्फ ६१.४१ प्रतिशत मतदान भएको छ । त्यस्तै प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिकतर्फ ६१.३५ प्रतिशत, प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१.३६ प्रतिशत र प्रदेश सभाको समानुपातिक प्रणाली तर्फको ६१.३१ प्रतिशत मतदान भएको छ । कुल खसेको मतलाई सदर र बदर भनेर आयोगले तथ्यांक निकालेको छ । कुल खसेको मतको ५.०६ प्रतिशत बदर भएको तथ्यांकले देखाएको छ ।

त्यसमा सबैभन्दा बढी प्रदेश सभाको समानुपातिक तर्फ सबैभन्दा बढी मत बदर भएको देखिन्छ । औसतभन्दा बढी छ, त्यो भनेको ६.५५ प्रतिशत मत बदर भएको देखिन्छ प्रदेश सभाको समानुपातिकतर्फ भने सबैभन्दा कम प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ४.०७ प्रतिशत मत बदर भएको देखिन्छ । सबैभन्दा बढी मत सुदूरपश्चिम प्रदेशमा बदर भएको छ । ५.७० प्रतिशत सुदूरपश्चिम प्रदेशमा मत बदर भएको छ भने सबैभन्दा कम वागमती प्रदेशमा ४.१६ प्रतिशत मत बदर भएको देखिन्छ ।' आयोगका उपसचिव भट्टराईका अनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ ५.०६ प्रतिशत मत बदर भएको छ भने प्रतिनिधि सभाको समानुपातिकतर्फ ५.०९ प्रतिशत मत बदर भएको छ । त्यस्तै प्रदेश सभाको प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ ४.०७ प्रतिशत र प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ ६.५५ प्रतिशत मत बदर भएको छ ।

समग्र ६१.४१ प्रतिशत मतदान भएको छ । सबैभन्दा बढी मधेस प्रदेशमा ६५.७७ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ५७.८० प्रतिशत मतदान भएको छ । प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फ ६१.४१ प्रतिशत मतदान भएको निर्वाचन आयोगको भनाई छ । त्यस्तै प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिक तर्फ ६१.३५ प्रतिशत, प्रदेश सभाको प्रत्यक्षतर्फ ६१.३६ प्रतिशत र प्रदेश सभाको समानुपातिक प्रणालीतर्फ ६१.३१ प्रतिशत मतदान भएको आयोगका उपसचिव भट्टराईले जानकारी गराएका छन । निर्वाचन आयोग, सरकार र राजनीतिक दलहरूले मतदाता शिक्षा चलाउन नसक्दाको कारण बदर मत घट्न सकेको छैन ।थोरै मतले हारजित भएको ठाउँमा मतदाता शिक्षा नचलाउने अनि घात अन्तरघात भयो भनेर रोइलो गर्नु आवश्यक छैन । दलहरूले बदर मत शुन्य बनाउने हो भने इलेक्ट्रोनिक भोटिङ मेसिनको प्रयोग हुनुपर्छ ।

# तनहुँका २१ नागरिक बेखबर

पोखरापत्र संवाददाता
तनहुँ, २६ मंसिर

एक वर्षको अवधिमा तनहुँका २१ नागरिक बेखबर छन् । जिल्ला प्रहरी कार्यालय तनहुँले आज पत्रकार सम्मेलन गरी हराएका दुई सय ८८ नागरिकमध्ये दुई सय ६७ खोज तलासको क्रममा फेला पारेर आफन्तजनलाई बुझाइएको जनाएको छ ।

बेखबर नागरिकको खोजी जारी रहेको प्रहरीले जनाएको छ। यसरी बेपत्ता हुनेमा अधिकांश महिला रहेको तनहुँका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो ।

यस वर्ष जिल्लाका ३२ स्थानमा उम्रिएका गाँजा फडानी गरिएको छ । करिब एक सय ४० रोपनीमा उम्रिएका २६ हजार सात सय ८५ गाँजाको बोट नष्ट गरिएको उहाँले बताउनुभयो । त्यसैगरी विसं २०७८ मङ्सिरदेखि २०७९ कात्तिकसम्म एक सय ६७ सवारीसाधानलाई कारबाही गर्दा रु १८ लाख २० हजार एक सय ४८ राजस्व सङ्कलन भएको छ ।

गतवर्षको मङ्सिरदेखि कात्तिक मसान्तसम्म एक सय नौ फरार प्रतिवादीलाई पक्राउ गरी जिल्ला अदालत समक्ष पेश गरिएको प्रहरीले जनाएको छ । उनीहरूबाट ३७ वर्ष चार महिना २३ दिन कैद र रु ३१ लाख ५८ हजार नौ सय २५ जरिवाना असुली भएको तनहुँका प्रहरी उपरीक्षक राजेन्द्रबाबु रेग्मीले जानकारी दिनुभयो ।

# हस्तकलामै जीवन लेख्ने मछिन्द्र

पोखरापत्र संवाददाता
बागलुङ, २६ मंसिर

भाषा, कला, संस्कृति र परम्परा पहिचान हुन् । पहिचानसँग जोडिएका पुराना संस्कार संस्कृति आधुनिक प्रविधिको विकासले संकटमा छन् । जसका कारण मौलिक पहिचान नै गुम्ने खतरा बढाएको छ । एक दशक अगाडिसम्म देखिने मौलिक संस्कृति अहिले निकै कम भेटिन्छन् । सूचना, प्रविधिको विकासले हरेक क्षेत्र डिजिटलमय बनेको छ । सहरदेखि गाउँसम्मै प्रविधिको भरपुर प्रयोग भएको छ ।

प्रविधिको प्रयोगले जीवन र दैनिकीलाई सहज र सरल त बनाएको छ नै, त्यससँगै यसले हाम्रा कैयन मौलिकता र पृथक विशेषता बोकेका परम्परागत कला, संस्कृति, व्यवसायहरुलाई धरापमा पार्ने खतरा पनि उत्तिकै छ । अहिले हरेक व्यक्तिले आधुनिक प्रविधिको प्रयोग गरेर दैनिकी, कामकाज, व्यापार व्यवसायलाई सहज बनाउने गरेका छन् । तर, बागलुङ बजारमै एक दुर्लभ पात्र छन्, जसले आधुनिक प्रविधि, विकासलाई नपछ्याएरै तीन दशक अघिदेखि आफ्नै मौलिक कलासहितको व्यवसायलाई नै निरन्तरता दिएर फरक पहिचान कायम गरेका छन् । ती पात्र हुनुहुन्छ मछिन्द्र प्रसाद शाक्य । लेखन कलाकारितामा उहाँको पृथक रुपमा स्थापित परिचय चाहीँ 'रन्तल आर्ट' । शाक्यले बागलुङ बजारमा ३१ वर्षदेखि चित्र कोर्ने ब्यानर, बोर्ड लेखेरै जीवनयापन गरिरहनु भएको छ । सानैदेखि चित्र कोर्ने, पेन्टिङ गर्ने कार्यमा रुचि राख्नु हुने शाक्यले अन्ततः कलालाई आफ्नो व्यवसायको रुपमा अघि बढाउनु भयो । बाबा पदमप्रसाद शाक्यबाट चित्र कोर्न सिक्नुभएका शाक्यले अहिलेसम्म अनगिन्ती लेखन र तस्बिरहरु कोरिसक्नु भयो, त्यसको कुनै लेखाजोखा छैन । शाक्यले २०४५ सालमा शिक्षण पेसा पनि अँगाल्नुभयो । शिक्षण पेसाले पनि उहाँलाई सन्तुष्टि मिलेन । बागलुङको मालिका माविमा दुई वर्ष शिक्षण पेसा गरेपछि उहाँ काठमाडौँ छिर्नुभयो । विसं २०४६ मा बिए पास गरेपछि माथिल्लो तहको पढाइका लागि २०४७ साल तिर राजधानी जानुभएका शाक्यले त्यहाँ विभिन्न आरोह अवरोह र चुनौतीको सामना गर्नुपर्‍यो । राजधानीमा पढ्दै बाँच्ने क्रममा आर्थिक अभावका कारण शाक्य एक निर्यात कम्पनीमा काम सुरु गर्नुभयो । त्यस समयमा पनि आफूले निकै समस्या भोग्नु परेको अनुभव शाक्यले सुनाउनुहुन्छ । त्यस बखत ठेलागाडामा सामान ओसारपसार समेत गरेको उहाँको भनाइ छ । त्यसको केही वर्षपछि बागलुङ फर्किएरै लेखन कला व्यवसाय आरम्भ गरेको शाक्यले बताउनुभयो । "पढ्नका लागि ४७ साल तिर म काठमाडौँ गए, काठमाडौँ धेरै आरोहअवरोहहरु खेप्नु पार गरेँ, ठेलागाडामा सामान समेत ओसारेँ" शाक्यले भन्नुभयो "त्यसपछि म बागलुङ फर्किएर लेखनसम्बन्धी काम गर्न थालेँ ।" विसं २०४९ देखि व्यावसायिक रुपमा चित्र कोर्न थाल्नुभएका शाक्यले सुरुमा तत्कालीन राजा स्वर्गीय महेन्द्र शाहको तस्बिर कोर्नु भएको थियो । त्यससँगै उहाँले विभिन्न देवीदेवता र प्रकृतिको तस्बिर कोर्नुभयो । शाक्य अहिले उमेरले ५६ वर्ष हुनुभयो तर उहाँको लेखन र चित्रकला प्रतिको भोक, प्यासन, लगाव, समर्पण निकै उत्साहप्रद छ । चित्र कोर्ने, ब्यानर, साइनबोर्ड लेख्नेलगायतका कलाबाटै सिङ्गो परिवारको जीविका समेत चलाउदै आउनुभएको छ । सुरुमा टिनको पातामा चित्र गर्ने गर्नुभएका शाक्यले पछिपछि कपडा लगायत विभिन्न वस्तुहरुमा पेन्टिङ गर्न थाल्नुभयो । ब्यानर र साइनबोर्ड लेख्न आफ्नो साथीबाट सिक्नुभएका शाक्यले चित्रहरु भने आफैँ कोर्न सक्नुभयो ।

# महभिरको पानी: फुर्केटारीको आम्दानी

-हरिप्रसाद बाँस्तोला
पोखरा, २६ मंसिर (रासस)

जङ्गलको बीचभागबाट चट्टान छिचोल्दै निस्किएको महभिरको पानी फुर्केटारी सामुदायिक वनको आम्दानी बनेको छ ।

समूहद्वारा सञ्चालित उद्योगबाट उत्पादित पानी बजारमा बिक्री गर्न थाल्दा फुर्केटारीवासीलाई राम्रो आम्दानी हुन थालेको छ । पोखरा महानगरपालिका-२५ हेम्जास्थित फुर्केटारी सामुदायिक वन उपभोक्ता समूहले साढे दुई वर्ष अघिदेखि महभिरखोला प्राकृतिक खानेपानी आयोजनामार्फत फुर्केटारी एक्युफेयर प्रशोधित पानी बजारमा बिक्री गर्दै आएको हो । खानेपानीको प्रयोजनका लागि झण्डै २० वर्षअघि चार किलोमिटरको दूरीबाट दुई इन्चको पाइपमार्फत बस्तीमा ल्याइएको पानी पछिल्लो समय बढी भएपछि आयआर्जनसहित रोजगार सिर्जना गर्ने लक्ष्यका साथ व्यावसायिकरुपमा पानी प्रशोधन उद्योग स्थापना गरिएको फुर्केटारी एक्युफेयर प्रालिका कोषाध्यक्ष कमलमणि त्रिपाठीले जानकारी दिनुभयो ।

"प्राकृतिक स्रोतको पानी शुद्ध र स्वादिलो भएका कारण बजारमा माग बढ्दै गएको छ", उहाँले भन्नुभयो, "अहिले उद्योगको पानी पोखरा बजारसहित म्याग्दी, पर्वत, बागलुङ तनहुँ र चितवनका उपभोक्ताबीच पुर्‍याउन सफल भइएको छ ।" रु दुई करोड ४० लाखको लागतमा स्थापना गरिएको उद्योगबाट प्रतिघण्टा तीन हजार लिटर पानी शुद्धिकरण गर्दै हालसम्म पानी बिक्रीबाट रु तीन करोडभन्दा बढी आम्दानी भएको कोषाध्यक्ष त्रिपाठीले जानकारी दिनुभयो । आर्थिक वर्ष २०७९/८० को चार महिनामा रु ३७ लाख ५९ हजार ६०० मूल्य बराबरको पानी बजारमा बिक्री गरिएको बताउँदै उहाँले २०७७ साल वैशाख महिनादेखि सञ्चालनमा आएको यस उद्योगबाट आव २०७७/७८ मा रु एक करोड २६ लाख २९ हजार तीनसय ७८ आम्दानी भएको जानकारी दिनुभयो । वन समूहका अध्यक्ष उमानाथ त्रिपाठीका अनुसार वन समूहको रु ५० हजार र समूहका ५९ उपभोक्ताबाट रु २५ हजारदेखि रु पाँच लाखसम्मको शेयर लगानीमा उद्योग सञ्चालन गरिएको हो । उहाँले रासससँगको कुराकानीमा भन्नुभयो, "पानीको मुहान संरक्षणका लागि तत्कालीन जिविसबाट रु तीन लाख, सामुदायिक वन उपभोक्ता महासङ्घबाट रु तीन लाख, हरियो वन कार्यक्रमबाट रु एक लाख ८० हजार र भूसंरक्षण कार्यालयबाट रु ५० हजार सहयोग प्राप्त भइसकेको छ ।"

उपभोक्तामा बोतल र जारको पानी उपयोग गर्ने बानी परिसकेको वर्तमान अवस्थामा वन समूहले उत्पादन गरेको मूलको पानी बजारको रोजाइँमा रहेको उल्लेख गर्दै अध्यक्ष त्रिपाठीले प्रालिले २० लिटरको जारका साथै एक र आधा लिटरको बोतलको पानी पनि बजारमा उपलब्ध गराउँदै आएको छ । उद्योगबाट उत्पादित जारको पानी प्रतिजार रु ५०, एक लिटरको बोतल प्रतिकाटुन (१२) पिस रु एक सय ६५ र आधा लिटरको प्रतिकाटुन (२०) बोतल रु दुई सय ६० मा बिक्री हुँदै आएको छ । उद्योगमा हाल १८ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेको वन समूहका सचिव रमा त्रिपाठीले जानकारी दिनुभयो । उक्त मूलको पानीबाट उपभोक्ताका प्रत्येक घरमा धारासमेत जडान गरिएको छ । उहाँका अनुसार कूल २८ हेक्टर क्षेत्रफलमा फैलिएको वन क्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ पानी व्यवस्थापन, घुम्ती कोष परिचालन, वन गोडमेल, बेमौसमी तरकारी खेती, खानेपानीको व्यवस्था तथा मुहान संरक्षण र डिप बोरिङ सञ्चालन उपसमिति निर्माण गरिएको छ । वन संरक्षण, सम्वर्द्धन र विकास गर्दै आएका सामुदायिक वन उपभोक्ता समूह काठको विकल्पको रुपमा वन क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतको सम्भाव्यता अध्ययनका आधारमा उद्योग सञ्चालन गरी थप आयआर्जनतर्फ उन्मुख हुँदै गएको छ ।

तरकारी खेतीमा प्रयोग गरेपछि बढी भएको पानी जार र बोतलमा राखेर बजारमा बिक्री गर्न थालेपछि उक्त वन समूहको सक्रियतामा सिँचाइका लागि छुट्टै डिप बोरिङको व्यवस्था गरिएको छ। कूल रु ६५ लाखको लागतमा प्रतिसेकेण्ड १३ लिटर पानी आउने चार इन्चको बोरिङमार्फत निकालिएको पानीबाट वन समूहका उपभोक्ता सदस्यको एक सय ६६ रोपनी जमिनमा सिँचाइ सुविधा पुगेको छ । उक्त गाउँ आलु गाउँको रुपमा परिचित छ । सामुदायिक वन समूहका उपभोक्ताका लागि प्राकृतिक स्रोत र साधन आम्दानीका साथै रोजगारीको दरिलो माध्यम बन्दै गएको सामुदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष कालीदास सुवेदीले जानकारी दिनुभयो ।

कतिपय मुलुकका नीति नियमका कारण वन पैदावारलाई उचित उपयोगमा ल्याउन उपभोक्तालाई अप्ठेरो परेको स्मरण गराउँदै उहाँले नेपालको सामुदायिक वनको अवधारणा विश्वमै अनुकरणीय बन्दै गएको स्पष्ट पार्नुभयो । प्राकृतिक स्रोत र साधनको विविधतापूर्ण प्रयोगसँगै उपभोक्ता एवं मुलुकका लागि सामुदायिक वन बरदान साबित बन्दै गएको छ । मुलुकमा यतिखेर २२ हजारभन्दा बढी सामुदायिक वन समूह क्रियाशील छन् ।

# कालीगण्डकी पुलको कामले छ वर्षपछि गति लियो

पोखरापत्र संवाददाता
बलेवा, २६ मंसिर

जिल्लाको जैमिनी नगरपालिका-१ कुश्मीशेरा र पर्वतको फलेवास जोड्ने कालीगण्डकी नदीमा निर्माणाधीन पक्की पुलको कामले गति लिएको छ । दुई जिल्ला जोड्ने गरी निर्माण थालिएको पुलको कामले ६ वर्षपछि गति लिएको हो ।

"लामो समयसम्म काम किन भएन भनेर चिन्ता लागेको थियो", तर अहिले काम सुरु भएपछि आशा पलाएको छ", कुश्मीशेराका स्थानीय प्रेमप्रसाद शर्माले भन्नुभयो । यो पुलको निर्माण जैमिनी नगरपालिका-१ कुश्मीशेरा र पर्वतको फलेवास नगरपालिका-६ देवीस्थान जोड्ने गरी २०७३ साल असोज ९ गतेदेखि सुरु गरिएको थियो । प्राविधिक कारणले लामो समय काम रोकिएको पुलका संरचना बनाउने काम अहिले धमाधम भइरहेको सडक डिभिजन कार्यालय बागलुङका इञ्जिनियर किरण पौडेलले बताउनुभयो ।

रसुवा/श्रीगीता/फेवाजेभीले सडक डिभिजन कार्यालयसँग पुल निर्माणको सम्झौता गरेर छ वर्षअघि काम थालेका थिए । हाल ३५ प्रतिशत भौतिक प्रगति भएको छ । "आगामी असार मसान्तसम्म म्याद थप भएको छ" पौडेलले भन्नुभयो, "थपिएको समयमा काम सकिनेमा आशावादी छौँ ।"

बागलुङ र पर्वत दुवैतर्फ पुल जोडिने संरचना बनाउने काम सकिएको छ भने कालीगण्डकी नदीको बीचमा एउटा पिल्लर तयार भएको छ । पुलको पश्चिमतर्फको पिल्लर बनाउनका लागि कालीगण्डकी डाइभर्सनको काम भइरहेको छ । चौँथो पटक म्याद थप भएपछि पुल निर्माणको काम धमाधम भइरहेको निर्माण कम्पनीका इञ्जिनियर अनिल श्रेष्ठले दाबी गर्नुभयो ।

"पुल तोकिएको समयमै निर्माण सक्न चाहन्थ्यौँ तर निर्माण स्थलसम्मको सडककै कारणले काम थाल्नै पाएनौँ" श्रेष्ठले भन्नुभयो, "सडक साँघुरो हुँदा पूर्वाधार निर्माणका लागि आवश्यक मेसिन ल्याउन पाएनौँ, करिडोर सेनाले फराकिलो बनाएपछि पुलको काम थालिएको हो ।" नदीमा पुल निर्माण गर्दा पटक-पटक पानी तर्काउनुपर्ने र वर्षायाममा पानी तर्काउन सम्भव नहुने भएकाले पनि काममा ढिलाइ भएको श्रेष्ठले बताउनुभयो । नदीभित्रबाट पिल्लर उठाउने काम सकिएपछि पिल्लरमा जोड्ने स्लेप हाल्ने काम सुरु गरिने उहाँले जानकारी दिनुभयो । आगामी बर्खाअघि नै नदीभित्र गर्नुपर्ने काम सकिने भएकाले त्यस बाहेकका काममा भने अब अवरोध नआउने उहाँको बुझाइ । रु १३ करोड १२ लाख ४९ हजार तीन सय ६४ रुपैयाँमा लागतमा तीस महिनाभित्र पुल निर्माणको सम्झौता भएको थियो । बागलुङ-पोखरा राजमार्गको विकल्पको रुपमा पर्वतको फलेवास, कार्कीनेटा, स्याङ्जा हुँदै पोखरा जोड्ने वैकल्पिक सडकलाई बागलुङको दक्षिण क्षेत्रसम्म जोड्न यो पुल आवश्यक मानिएको छ ।

समयमा पुल नबन्दा दुई वर्ष अघिको भदौमा एक साता मध्यपहाडी लोकमार्ग पहिरोले अवरुद्ध हुँदा बागलुङवासीले वैकल्पिक मार्गको प्रयोग गर्न पाएका थिएनन् । कालीगण्डकी करिडोरमा जोडिने यो पुलले पर्वत, स्याङ्जा र पोखरालाई समेत करिडोरको पहुँचमा ल्याउने काम गर्ने स्थानीय हरि केसी बताउनुहुन्छ । गण्डकी प्रदेश मुकाम पोखराबाट स्याङ्जा हुँदै पर्वत र बागलुङको जैमिनी नगरपालिका हुँदै गलकोट जोड्ने रणनीतिक सडकको मुख्य पक्की पुल हो यो । ऐतिहासिक जैमिनीधाम क्षेत्रमा निर्माण भइरहेको पुलले पर्वत र बागलुङका आर्थिक, सामाजिक र धार्मिक क्रियाकलापमा समेत प्रभाव राख्छ । पुल बनेमा मध्यपहाडी लोकमार्गको बागलुङ-पोखरा खण्डमा आउने समस्याका कारण यात्रुले सास्ती खेप्नु नपर्ने स्थानीयको भनाइ छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

**विमालेख हरायो**

गुरांस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारि गरिएका निम्न लिखित बीमालेख हराएको हुंदा फेला पार्नु हुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गरिदिनुहुन विनम्र अनुरोध गर्दछौ।

| नाम | बीमालेख नं |
|---|---|
| सावित्री तिवारी | ०६१०००२४६७ |
| सुजाता श्रेष्ठ | ०६१००१२३२३ |
| सत्कार तिमिल्सेना | ०६१००००५१ |

गुरांस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा, ०६१-५२४४५०

**रेष्टुरेण्ट बिक्रीमा**

पोमनपा वडा नं. १६ दिप मणिपाल कलेज अफ मेडिकल साईन्सको ठिक गेट अगाडि पट्टि अत्यन्त चालु अवस्थामा रहेको रेष्टुरेण्ट विशेष कारणवस तु: विक्रीमा छ ।
सम्पर्क:
९८४७१००५४३
९८१९१५२७४०

# एघारौँ पोखरा महोत्सवको मुख्य प्रायोजक रवि एण्ड सन्नी इन्डष्ट्रीज प्रा.लि.

पोखरापत्र संवाददाता
पोखरा, २६ मंसिर

एघारौं पोखरा महोत्सवको मुख्य प्रायोजक रवि एण्ड सन्नी ईन्डष्ट्रीज प्रा.लि. रहने भएको छ। आगामी पुष २७ देखि माघको ९ गते सम्म युनाईटेड क्लव पोखराको आयोजनामा पोखराको अमरसिंह चौरमा हुने एघारौं संस्करणको पोखरा महोत्सवमा पोखरा नयाँबजारमा कर्पोरेट अफिस रहेको रवि एण्ड सन्नी इन्डष्ट्रीज प्रा. लि. ले मुख्य प्रायोजकमा रही महोत्सवलाई साथ दिने भएको हो।

महोत्सव आयोजक युनाईटेड क्लवका अध्यक्ष राजु श्रेष्ठ र रवि एण्ड सन्नी इन्डष्ट्रीज प्रा. लि.का अपरेटिङ अफिसर सन्नी रौनियार बीच मुख्य प्रायोजकको सम्झौता पत्रमा हस्ताक्षर गरी एक अर्कालाई सहयोग गर्ने प्रतिवद्धता जनाएका हुन । सम्झौता पत्रमा हस्ताक्षर गर्दै रवि एण्ड सन्नी इन्डष्ट्रीज प्रा. लि. का अपरेटिङ अफिसर सन्नी रौनियारले सामाजिक क्षेत्रमा अग्रणी स्थानमा रहेको युनाईटेड क्लव संग सहकार्य गर्न पाउदा निकै खुसी लागेको वताए। पोखरा नयाबजारमा रहेको कर्पोरेट अफिसबाट रवि एण्ड सन्नी इन्डष्ट्रीज प्रा.लि.ले उत्पादन गर्ने बेटर ब्राण्डको इलेक्ट्रिक सामानहरु हिटर, ओभन, पंखा, राइसकुकर, गिजर इलेक्ट्रोनिक र किचन सामाग्रीहरु बिक्री गर्दै आइरहेको छ। पोखरा महोत्सव संग सहकार्य गरी आफ्नो ब्यापार सँगै महोत्सव आयोजक युनाईटेड क्लवले गर्ने सामाजिक काममा समेत सहकार्य गेरे अगाडि वढ्न आफु तत्पर रहेको रौनियारको भनाइ रहेको थियो। युनाईटेड क्लवका अध्यक्ष राजु श्रेष्ठले एघारौ संस्करणको पोखरा महोत्सवमा रवि एण्ड सन्नी इन्डष्ट्रीज प्रा. लि. संग सहकार्य गर्न पाउदा निकै खुसी लागेको वताउदै महोत्सवको माध्यामबाट प्रा.लि. बाट उत्पादित सामाग्रीहरुको प्रवर्द्धन गर्न आफुहरुले कुनै कसर बाँकी नराख्ने समेत वताए।

महोत्सवबाटै सामाजिक काममा आफुहरु लागी परेको वताउदै सामाजिक काममा रवि एण्ड सन्नी इन्डष्ट्रीज प्रा. लि.को पनि साथ रहदा आफुहरु निकै उत्साहित भएको वताए । महोत्सवको आयोजना गरि युनाईटेड क्लवले पोखरा र आसपासमा शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धनका लागि खुल्ला चिडियाखाना निर्माणमा पहलकदमी, सेती नदी संरक्षण र विपद ब्यवस्थापनको क्षेत्रमा काम गर्दै आइरहेको छ।

जस अनुरुप युनाईटेड क्लवको पहलकदमीमा कास्कीको पोखरा महानगरपालिका वडा नम्बर ३०, ३१ र ३२ मा हाल चिडियाखाना निर्माणाधिन अवस्थामा रहेको छ भने त्यसको पूर्ण स्वामित्व गण्डकी प्रदेशले लिइ जिल्ला डिभिजन वन कार्यालय कास्की र चिडियाखाना निर्माण समिति मार्फत निर्माण कार्य अगाडि वढिरहेको छ।

हाल सम्म चिडियाखाना निर्माणमा युनाईटेड क्लवले ५८ लाख ८५ हजार रुपैया प्रदान गरिसकेको क्लवका अध्यक्ष राजु श्रेष्ठले जानकारी दिए । एघारौ पोखरा महोत्सवदेखी युनाईटेड क्लवले पोखराको बीच भाग भएर बग्ने सेती नदीलाई नयाँ पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले काम गर्ने क्लवका अध्यक्ष राजु श्रेष्ठले वताए।

# गोरखा मिलन समाज पोखराको खुल्ला रक्तदान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २६ मंसिर



गोरखा मिलन समाज पोखराले शनिबार खुल्ला रक्तदान कार्यक्रम गरेको छ।

रक्तदान जिवनदान जिवनदान महादान भन्ने उक्तिलाई आत्मसात गर्दै संस्थाले चिप्लेढुंगामा खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरी ५२ पिन्ट रगत संकलन गरी रक्तसंचार केन्द्र रामघाटलाई हस्तान्तरण गर्न सफल भएको छ।

गोरखा स्थायी घर भई पोखरालाई कर्म थलो बनाउदै स्थायी वा अस्थायी रुपमा पोखरामा बस्दै आउनुभएका गोरखालीहरुको साझा संस्था गोरखा मिलन समाज पोखराको २३ औं साधारण सभा तथा १२ औं अधिबेशनबाट कोपिला श्रेष्ठको अध्यक्षतामा निर्वाचित कार्य समितिले निर्वाचित भईसकेपछि समाजलाई सक्रिय रुपमाअधिबढाउदैबिजयादशमीको शुभकामनादेखि दिपावलीको देउसी भैलो कार्यक्रमबाट समाजमा २ लाख ७० हजार आर्थिक संकलन गरेको छ।

कोपिला श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रमको प्रमुख अतिथिमा संस्थाका आजीवन सदस्य तथा अक्षय कोष दाता डा. तिर्थमान श्रेष्ठ हुनुहुन्थ्यो । अति सक्रिय रुपमा आयोजित हुने रक्तदान कार्यक्रमको संयोजकमा कार्य समितिका सदस्य धिरज श्रेष्ठले कार्यक्रमको लागि आवश्यक खर्चहरुको व्यवस्थापन गरी संस्थालाई कुनै पनि आर्थिक भार नपारी कार्यक्रम सम्पन्न गराउनु भयो।

कार्यक्रममा प्राविधिक सहयोग प्रदान गर्नु भएको रक्त संचार केन्द्र रामघाटका प्रमुख महेन्द्र के.सी.ले रक्तदान किन, केका लागि र कस्तो व्यक्तिले गर्न हुने र नहुने भन्ने सम्बन्धमा प्रष्ट पार्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि डा. तिर्थमान श्रेष्ठले सामाजिक कार्यमा जुट्न पाउदा अति खुशी लागेको र आगामी दिनहरुमा समेत संस्थालाई अझ मजबुत बनाउनको लागि आफ्नो तर्फबाट हरतरहले सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो। संस्थाका महासचिव सन्त बहादुर लामिछानेले संचालन गर्नुभएको कार्यक्रममा संस्थाका उपाध्यक्ष अग्रिम श्रेष्ठले स्वागत मन्तव्य तथा पूर्व अध्यक्ष शिवलाल धितालले शुभकामना मन्तव्य राख्नु भएको थियो।

# फेरियो कोदोको परिचय

रासस
बागलुङ, २६ मंसिर

पछिल्लो समय नेपालमा रैथाने बाली लोप हुने अवस्थामा पुग्न थालेको छ । बागलुङमा धेरै उत्पादन हुने अन्नको रुपमा रहेको कोदोबालीको पछिल्लो समय प्रवर्द्धनपछि महत्व बढ्दै गएको छ।

कोदोखेती विस्तारै घट्दै गएपछि कृषि ज्ञान केन्द्रले समेत रैथाने बाली संरक्षण अभियान चलाएको छ । बागलुङका किसानले भर्खरै मात्र कोदो थन्काएका छन्। पछिल्लो समय भने कोदोको परिचय बदलिएको छ। गाउँघरको मुख्य खानाको परिकारका रुपमा रहेको कोदो पछिल्लो समय सहरको आकर्षक खानाको परिकारमा परेको छ। अहिले गाउँमा भन्दा सहरका रेष्टुराँ र होटलमा कोदोको परिकार पाक्ने गरेको छ।

निकै झन्झटिलो बालीका रुपमा रहेको कोदोको महत्व पछिल्लो समय बढ्दै गएको पाइन्छ । कुनै दिन गरिबको खानाको रुपमा चिनिएको कोदोको ढिडो अहिले ठूला होटल र घरबासमा समेत रुचाइएको परिकार बनेको छ।

आयातित चामलले कृषिमा झन्झटिलो बालीका रुपमा रहेको कोदो विस्तारै लोप हुने अवस्थामा पुगे पनि पछिल्लो समय कोदोको परिकारप्रति नागरिक जागरुक देखिन थालेका छन् । कोदोको परिकारको फाइदाका समेत प्रसस्त भएका कारण पछिल्लो समय खरिद गरेरै भए पनि कोदोको ढिडो, रोटीलगायतका परिकार बनाएर खाने गरिएको छ भने बागलुङका घरबासले कोदोको सेलरोटीलाई प्रमुख आकर्षक खानाका रुपमा प्रस्तुत गरिरहेका छन् । बागलुङका घरबास (होम-स्टे)को आकर्षणसमेत कोदोको परिकार बन्न थालेको छ। पछिल्लो समय होटल, रेष्टुराँ र रिसोर्टमा समेत कोदोको ढिडोको माग बढ्दै गए पछि कोदोको खेतीमा पुनः वृद्धि हुन थालेको छ । बागलुङको काठेखोला गाउँपालिका-३ धम्जा ओखलेस्थित सामुदायिक घरबास बेलढुङ्गा सामुदायिक घरबास, जैमिनीको मरुनी घरबास र भकुण्डेको अतिथि सत्कार घरबासमा कोदोको सेलरोटी आकर्षक परिकारमध्ये पर्दै आएको भकुण्डेस्थित अतिथि सत्कार घरबासका सञ्चालक इन्द्रकुमारी थापाले बताउनुभयो।

"चिसो याममा कोदोको ढिडो निकै रुचाइएको परिकारमध्ये पर्दछ, लोकल कुखुराको मासुसँग ढिडो खाने धेरै हुन्छन्", उहाँले भन्नुभयो, "पाहुनाले ढिडो रुचाउन थालेपछि घरको कोदोले नपुगे खरिद गरेसमेत ल्याइन्छ, पहिला चामलको भात नै बढी रुचाइएको थियो पछिल्लो समय स्वास्थ्यका लागिसमेत कोदोले फाइदा पुऱ्याउने भएपछि कोदोको महत्व बढ्यो ।" पहाडी जिल्लाको रुपमा रहेको बागलुङमा सिँचाइ सुविधा नभएका अधिकांश स्थानमा कोदो खेती गरिन्छ। तर, विस्तारै कोदोको महत्व बढ्दै गएपछि किसानले समेत महत्वका साथ खेती गर्दै आउनुभएको छ। बागलुङनगरपालिकाको सिगाना, काठेखोला गाउँपालिकाको भिमापोखरा, ढोरपाटन, बडिगाड, निसीखोला, तमानखोला, जैमिनी र बरेङलगायतको क्षेत्रमा बढी मात्रमा कोदो खेती हुने गरेको छ भने गलकोट, बडिगाड, बलेवा, रेशलगायतको क्षेत्रमा धानखेती बढी मात्रमा हुने गर्दछ।

"पहिला गरिबले कोदोको परिकार खाने, धनीले चामलको खाना खाने प्रचलन थियो तर अहिले ठीक उल्टो भएको छ, चामल सहज भयो, ढिडो कोदोको परिकार दुर्लभ", बागलुङका छिस्ती केवैका पूर्णबहादुर पुनले भन्नुभयो, "कोदोको महत्व बढे पनि ज्यालादारीमा काम गर्ने जनशक्ति नभएकाले दुई वर्षदेखि विद्युतीय उपकरणको सहायताले कोदो चुट्दै आएको छु, छिस्तीमा कोदो राम्रो हुन्छ, अहिले होटल तथा रेष्टुराँमा कोदोको परिकार पाक्छ भन्ने सुन्दा अचम्म लाग्छ।" जिल्लामा धान बालीलाई प्रमुख खेतीको रुपमा मान्दै आए पनि बागलुङमा भने कोदो खेती महत्वपूर्ण अन्न बालीका रुपमा रहेको छ। कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले रैथाने बाली कोदो संरक्षण र प्रवर्द्धन गर्न थालेकाले कोदोखेतीप्रति किसानको आकर्षण बढ्दै गएको बताउनुभयो। यस्तै ग्रामीण पोषण कार्यक्रमअन्तर्गत मुख्यतः कोदो बालीलाई नै विस्तार तथा प्रवर्द्धन गर्ने उद्देश्यले कोदो उत्पादन गर्ने किसानलाई यान्त्रीकरणमा समेत सहयोग गर्दै आइरहेको भट्टराईको भनाइ छ । कोदो, फापर र सिस्नोमा आइरल, मिनिरल बढी पाइने भएकाले ग्रामीण पोषण सुधार कार्यक्रमअन्तर्गत कोदो उत्पादन गर्ने किसानलाई विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम गर्दै आएको बताउनुभयो।

जिल्लामा १५ हजार हेक्टरभन्दा बढी जमिनमा कोदो खेती गरिने भए पनि पछिल्लो समय केही जग्गा बाँझो राखिँदै आइएको छ । रैथाने बाली प्रवर्द्धन र कोदोको महत्व बढ्दै जाँदा क्रमशः बाँझो जग्गामा समेत कोदो खेती विस्तारमा सहयोग पुग्ने कृषि ज्ञान केन्द्रको भनाइ छ । पछिल्लो समय कोदोको माग सहर बजारमा समेत हुँदा कोदो किसानसमेत उत्साहित भएका छन् । हाइबिड धान, गहुँ, मकै भित्र्याउने किसानले कोदो भने परम्परागत बीउ लगाउने गरेका छन् तर कृषि ज्ञान केन्द्र कार्यालयले कोदोको बढी उब्जनी हुने बीउ वितरण गर्दै आएको छ। अहिले राम्रो कोदो उत्पादन हुने क्षेत्रका किसानलाई नगद अनुदानमा कोदोको बीउ, तरकारी, र फलफूलका बीउ दिने कृषि ज्ञान केन्द्र बागलुङको योजना बर्सेनि वृद्धि हुँदै गइरहेको छ।

# अझै बनेन सवस्टेशन

रासस
म्याग्दी, २६ मंसिर

मालिका गाउँपालिका-६ रातोढुङ्गामा निर्माणाधीन सबस्टेशन अझै बनेको छ । चार वर्ष अघि नै सम्पन्न हुनुपर्ने ३३/११ केभी क्षमताको सब स्टेशन अझै पूरा नभएको हो।

सबस्टेशन निर्माणमा भएको ढिलाइले जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने मङ्गला, मालिका र धवलागिरि गाउँपालिकामा केन्द्रीय प्रशारण लाइन विस्तार तथा विद्युत् आपूर्ति प्रभावित भएको मालिका-६ दुखुका ओमकार रोकाले बताउनुभयो । पचासी प्रतिशत भौतिक प्रगति भएको आयोजना मिलनचोकदेखि रातोढुङ्गा जोड्ने प्रशारण लाइनको खम्बा गाड्न र तार तान्ने क्रममा विवाद भएपछि रोकिएको आयोजना प्रमुख बोधराज ढकालले बताउनुभयो।

"सबस्टेशनभित्र संरचना बनाउने र उपकरण जडान गर्ने काम अन्तिम चरणमा पुगेको छ, छ सयमध्ये तीन ठाउँमा करिब ८० खम्बा गाड्न र तार तान्न बाँकी छ", उहाँले भन्नुभयो, "बाँकी खम्बा गाड्न र तार तान्न नपाउँदा आयोजनाले पूर्णता पाउन सकेको छैन्।"

खम्बा पर्ने जगाका धनी र वन समूहको अवरोधले पर्वतको जलजला गाउँपालिका-४ मोहनचोकदेखि रातोढुङ्गा जोड्ने २२ किलोमिटर दूरीको प्रशारण लाइन निर्माण एक वर्षदेखि रोकिएको ढकालले बताउनुभयो। नेपाल विद्युत् प्राधिकरणमार्फत ए टु जेड इन्जिनीयरिङले रु आठ करोडमा सन् २०१६ मा ठेक्का लिएको सबस्टेशन प्रशारण लाइन २०१८ को डिसेम्बरमा सक्ने लक्ष्य थियो । सुरुआती चरणमा जग्गा अधिग्रहणमा भएको ढिलाइका कारण प्रभावित बनेको थियो।

# दुई पटक म्याद थप्दा पनि १४ प्रतिशत मात्रै प्रगति

पोखरापत्र संवाददाता
दमौली, २६ मंसिर

ठेक्का सम्झौता भएर काम नहुँदा अलपत्र बनेको तनहुँको भानु नगरपालिका-१३ स्थित चन्द्रावती ठूल्ढुङ्गा मोटरमार्गको प्रगति तीन वर्षमा १४ प्रतिशत मात्रै पूरा भएको छ।

विसं २०७६ कात्तिक ४ गते ठेक्का लागेको उक्त सडकको निर्माण व्यवसायीको लापर्वाहीका कारण दुई पटक म्याद थप हुँदासमेत भौतिक प्रगति न्यून रहेको हो । "पटकपटक सम्बन्धित निकायमा ध्यानाकर्षण गराउँदा पनि काम अगाडि बढ्न सकेन", स्थानीय गलबहादुर गुरुङले भन्नुभयो, "बाटोको काम नहुँदा सर्वसाधारणले वर्षामा हिलो र हिउँदमा धुलोको सास्ती बेहोर्नुपरेको छ।"

पूर्वाधार विकास कार्यालय तनहुँले मोटरमार्गको १० किमी खण्ड कालोपत्र, नाला निर्माण तथा ग्याबिन जाली भर्नेलगायतका कामका लागि काठमाडौँस्थित शड्करमाली कन्स्ट्रक्सनसँग सम्झौता गरेको थियो । निर्माण व्यवसायीको लापर्वाहीका कारण मोटरमार्गको काम सुस्त रहेको स्थानीयवासी रहनुभएका जिल्ला समन्वय समिति तनहुँका पूर्वसदस्य गुरुङले गुनासो गर्नुभयो । कालोपत्रका लागि पूर्वाधार कार्यालयले रु २३ करोड दुई लाख ८० हजारमा ठेक्का सम्झौता गरेको थियो । कार्यालयले निर्माण कम्पनीलाई रु दुई करोड ६८ लाख निकासा गरिसकेको छ । समयमा काम सम्पन्न नभएपछि विसं २०८० असार मसान्तसम्म म्याद थप भएको कार्यालयले जनाएको छ।

सडकखण्डमा कालोपत्र, नाला निर्माण तथा ग्याबिङ जाली भर्नेलगायतका काम विसं २०७८ माघ १५ गतेभित्र सम्पन्न गर्न विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो। त्यसयता दुई पटक म्याद थप भइसकेको छ। विसं २०४९ मा चन्द्रावतीबाट पोखरीछापसम्म सडकको ट्र्याक खोली सवारीसाधन सञ्चालन हुँदै आएको छ । यसअघि प्रमुख जिल्ला अधिकारीको समन्वयमा बैठक बसी काम तत्काले सञ्चालन गर्ने सहमति भए पनि उक्त सहमति कार्यान्वयन भएको छैन । गण्डकी प्रदेशका नवनिर्वाचित सांसद अशोककुमार श्रेष्ठ, भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठी, गण्डकी प्रदेश भौतिक तथा यातायात मन्त्रालयका सचिव गणेशराज वस्ती, पूर्वाधार विकास कार्यालयका प्रमुख दिनेशकुमार घिमिरे लगायतको उपस्थितिमा बसेको बैठकले उक्त बाटोको कामलाई तत्कालै अगाडि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय गरेको छ । निर्माण कम्पनीले सडक योजनाको निर्माण कार्य गर्ने गरी पूर्वाधार विकास कार्यालयसँग भएको सम्झौताबमोजिमको काम सम्पन्न गर्न कार्ययोजनासहितको विवरण आगामी दुई दिनभित्र पूर्वाधार कार्यालयमा पेस गर्न निर्देशन दिने बैठकले निर्णय गरेको छ।


## प्रदेश सरकार
## शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
## सामाजिक विकास कार्यालय, स्याङ्जा
## गण्डकी प्रदेश, पोखरा

# सूचना ! सूचना !! सूचना !!!

**प्रथम पटक प्रकाशित मिति : २०७९/०८/२७ गते**

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखराको वार्षिक कार्यक्रम र सामाजिक विकास कार्यालय स्याङ्जालाई प्राप्त अख्तियारी अनुसार आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका विभिन्न प्रतियोगात्मक परिक्षाहरुमा सहभागी हुन ईच्छुक निश्चित योग्यता पुगेका (आदिवासी जनजाती, दलित, अपाङ्गता भएका मधेशी तथा यस भन्दा पहिला यस सम्बन्धी तालिमको अवसरमा नपाएका) महिलाहरुका लागि १५ (पन्ध्र) दिनको प्रतियोगितात्मक परिक्षा तयारी कक्षा संचालन गरिने भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सामाजिक विकास कार्यालय स्याङ्जामा लोकसेवा तयारी कक्षा संचालन निर्देशिका, २०७९ को अनुसूचि १ को ढाँचामा तपशिल बमोजिमका कागजातहरु संलग्न गरी निबेदन दिन हुन सम्बन्धीत सबैमा जानकारीको लागि अनुरोध छ ।**

तपशिल :

| क्र.सं. | तालिम संचालन हुनेतह | सहभागित जिल्ला | निबेदन दिने स्थान र समय |
|---|---|---|---|
| १. | अप्राविधिक तर्फको राजपत्र अनंकित द्वितीय श्रेणी (सहायक स्तर चौथो) | स्याङ्जा र कास्कीका महिलाहरु | सामाजिक विकास कार्यालय स्याङ्जा मिति : २०७९/०९/१२ गते दिउसो ४:०० बजेसम्म |

### निबेदकले पेश गर्नुपर्ने कागजात तथा शर्तहरु :
१) अनुसूचि १ बमोजिमको ढाँचामा निबेदन ।
२) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
३) शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि ।
४) लक्षित समूहले आफ्नो समूह प्रमाणित हुने कागजातहरु पेश गर्ने ।
५) निश्चित योग्यता पुगेका महिलाहरु (सहायक स्तर चौथो तहको लागि लोक सेवा अयोगले निर्धारण गरेको योग्यता) ।
६) यस भन्दा पहिला यस सम्बन्धी तालिमको अवसर नपाएका महिलाहरुलाई विशेष प्राथमिकता दिनईने ।
७) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको महिलाहरु हुनुपर्ने छ ।
**नोट : लक्षित समूहका महिलाहरुलाई प्राथमिकता दिईने छ ।**